Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०५ | वि.सं. २०८२ फागुन १३ बुधवार | नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष नवमी | Wednesday 25 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### सुर्खेतमा नाम चलेका व्यापारीले सरकारी अनुदान स्वाहा पारेको शित भण्डार

# जग्गा खाली नगरे लिलाम प्रक्रिया थाल्ने औद्योगिक क्षेत्र व्यवस्थापनको चेतावनी

शित भण्डार निर्माणका नाममा सरकारी अनुदान दोहन भएको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुगेको थियो । आयोगले लामो समय लगाएर अनुसन्धान गऱ्यो । अनुसन्धानबाट सित भण्डार निर्माणमा भ्रष्टाचार भएको खुलेपछि अख्तियार विशेष अदालत काठमाडौं पुगेको थियो । तर विशेष अदालतले सरकारी रकम दुरुपयोग भएको खुल्ने यथेष्ट प्रमाण छर्लङ्ग हुँदाहुँदै आरोपीहरुलाई उन्मुक्ति दिएको थियो ।

**◣ओम शाही**
**सुर्खेत, १२ फागुन ।**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१२, मा झण्डै एक करोड सरकारी अनुदान दुरुपयोग भएको अलपत्र सित भण्डारका संरचना हटाउन लगानीकर्ताहरुले आलटाल गरिरहेका छन् । सुर्खेतमा नाम चलेका चार व्यवसायीद्वारा निर्माण गर्ने भनिएको सित भण्डारमा कर्णाली प्रदेश सरकारले ९६ करोड रकम अनुदान दिएको थियो । तर व्यवसायीको बदनियतका कारण सरकारको लगानी बालुवामा पानी सरह बनेको छ ।

सरकारी अनुदान मिसिएको आयोजना व्यापारीहरुले निर्माण त गरेनन् नै, अहिले सरकारको स्वामित्वमा रहेको जग्गामा बनाइएका अपुरा संरचना हटाउन उनीहरु बेखबर बनेर बसेका छन् । आर्थिक वर्ष २०७४/७५ मा उच्च मूल्य कृषि विकास परियोजना (एचभीएपी) र कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको कृषि विकास निर्देशनालय र कर्णाली कोल्ड चेन लजिष्टिक प्रालिबीच ९६ लाख अनुदानमा कोल्ड स्टोर (सित भण्डार) निर्माणका लागि सम्झौता भई काम अगाडि बढ्यो ।

४० वर्षसम्मको मागलाई धान्न सक्ने गरी कर्णालीकै सबैभन्दा ठूलो कोल्ड स्टोर निर्माण गर्ने भन्दै नाम चलेका



सुर्खेतका चार र काठमाडौंका एक व्यापारीले वीरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग १५ माघ २०७४ मा जग्गा भाडा सम्झौता गरेर काम अगाडि बढाएका थिए । एचभीएपीले आर्थिक वर्ष २०७४/७५ मा तीन किस्ता गरी ६९ लाख ८९ हजार र कृषि विकास निर्देशनालयले आर्थिक वर्ष २०७६/७७ मा २७ लाख १२ हजार रुपैयाँ अनुदान कोल्ड स्टोर निर्माणका लागि भुक्तानी दियो ।

उति बेला १० रोपनी जग्गामा सात करोड लगानी गरेर भवन निर्माण गरी केन्द्र सञ्चालन गर्ने गरी काम अघि बढाइएको थियो । निर्देशनालयसँग अनुदान सम्झौता हुँदा कोल्ड स्टोर निर्माणमा लाग्ने थप रकम लजिष्टिक प्रालिले

▶▶ बाँकी ३ पेजमा

## ३५ दिनभित्र जग्गा खाली गर्न निर्देशन

वीरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले लामो समयदेखि सञ्चालनमा नआएको कर्णाली कोल्ड चेन लजिष्टिक प्रालिसँगको जग्गा तथा भवन सम्झौता रद्द गरेको छ । उद्योग स्थापनाका लागि लिइएको जमिन र भवन अनुत्पादक रूपमा ओगटेर राखेको भन्दै कार्यालयले सम्झौता खारेज गर्ने निर्णय गरेको हो ।

कम्पनीले १ पुस २०७४ देखि लागू हुने गरी औद्योगिक क्षेत्रभित्र १०.६८ रोपनी जग्गा र नौ सय वर्ग फिटको भवन भाडामा लिएको थियो । तर, सम्झौता भएको लामो समय बितिसक्दा पनि उद्देश्य अनुरूप उद्योग सञ्चालन नगरेपछि जग्गा खाली गराउन लागेको कार्यालयले जनाएको छ ।

कम्पनीले पछिल्लो पटक दिएको निवेदन अनुसार कार्यालयले २०८२ साउनदेखि ६ महिनाभित्र उद्योग सञ्चालन

▶▶ बाँकी २ पेजमा

## बैतडीमा निर्वाचन प्रहरीको निधन



**◣युग संवाददाता**
**बैतडी, १२ फागुन ।**

आसन्न निर्वाचन सुरक्षाका लागि भर्ना भएका थप एक अस्थायी (म्यादी) प्रहरीको मृत्यु भएको छ। मृत्यु हुनेमा बैतडी मेलौली नगरपालिका-६ हतरङ्गाका ३८ वर्षीय राजेन्द्रप्रसाद भट्ट (युवराज) रहेका छन् ।

जिल्ला प्रहरी प्रवक्ता प्रहरी निरीक्षक सुरज सिंहका अनुसार इलाका प्रहरी कार्यालय मेलौलीमा कार्यरत भट्ट 'ड्युटी' सकेर गए राती घर फर्किएकामा घरमै एक्कासी बेहोस भएका थिए ।

बेहोस भएपछि उनलाई उपचारका लागि केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र लगिएकामा स्वास्थ्य केन्द्रमा पुर्‍याउँदा चिकित्सकले गएराति नै मृत घोषणा गरेका हुन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसअघि फागुन ८ गते दशरथचन्द नगरपालिका-४ बबेत घर भएका ३८ वर्षीय निर्वाचन प्रहरी महादेव वडको पनि ज्यान गएको थियो । खाना खान घर गएको समयमा अचेत अवस्थामा भेटिएका महादेवलाई उपचारका लागि जिल्ला अस्पतालमा पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । त्यस्तै, माघ तेस्रो साता पनि दशरथचन्द नगरपालिका-४ घर भएका निर्वाचन प्रहरी ३२ वर्षीय प्रकाश चन्दको भिरबाट लडेर ज्यान गएको थियो ।

## मधेसी महिलालाई मतदाता शिक्षा

**◣युग संवाददाता**
**बाँके, १२ फागुन ।**

यही फागुन २१ गते हुने 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२'लाई लक्षित गरी बाँके र बर्दियाका महिलाका लागि मतदाता शिक्षा कार्यक्रम सुरु गरिएको छ । महिला, कानुन र विकास मञ्च काठमाडौंको सहयोगमा सूचना तथा मानवअधिकार अनुसन्धान केन्द्र नेपालगन्जले, बाँके र बर्दियामा निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा सुरु गरेको हो ।

बाँके र बर्दियामा विशेषगरी थारू, मधेशी, मुस्लिम, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका महिला र १८ वर्ष पुगेका युवायवतीलाई मतदाता शिक्षा दिन लागिएको हो ।

बाँकेको जानकी गाउँपालिका-२ मा मधेशी समुदायका महिलालाई मतदाता शिक्षाबारे जानकारी दिइएको छ । अभिमुखीकरणमा निर्वाचन आचारसंहिता, मतदाताको अधिकार तथा भूमिका मतपत्रबारे जानकारी, मतदान गर्न जाँदा ध्यान दिनुपर्ने कुरालगायतका बारेमा अधिवक्ता विश्वजित तिवारीले सहजीकरण गरेका थिए ।

कार्यक्रममा सहभागी महिलालाई मतदानबारे अभ्यासका लागि नमूना मतदान गराइएको थियो । कार्यक्रममा वडाअध्यक्ष

▶▶ बाँकी ३ पेजमा

## आचारसंहिता पालनासम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण

**◣युग संवाददाता**
**सुर्खेत, १२ फागुन ।**

आसन्न फागुन २१ हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन केन्द्रित गरेर यहाँका पत्रकारहरूलाई कर्णाली प्रदेशस्तरीय अभिमुखीकरण गरिएको छ । नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको आयोजनामा सोमबार सुर्खेत वीरेन्द्रनगरमा आचारसंहिता पालनासम्बन्धी अभिमुखीकरण गरिएको हो ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले भद्रले अनुशासित ढङ्गले सबै दल, कर्मचारी तथा पत्रकार हरूले आफूलाई प्रस्तुत गर्न चुनाव सुव्यस्थित, मर्यादित र भयरहित तरिकाले सम्पन्न हुने बताए ।

चुनावको समयमा सबैभन्दा बढी भ्रामक सामग्री सम्प्रेषण हुने कुरामा पत्रकारले गम्भीर भएर सामाचार सम्प्रेषण गर्नुपर्ने सुझाउँदै जिल्ला प्रशासन कार्यालयमा भ्रामक कुराको अनुगमन/अध्ययन गर्न छुट्टै सेल स्थापना गरिएको उनले बताए । नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यसमितिका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले निर्वाचन नजिकिँदै गर्दा पत्रकारमाथि धम्की तथा आक्रमणका घटना दैनिक महासङ्घमा आउने गरेको बताए ।

यस्तो अवस्थामा पत्रकार हरूले थप जिम्मेवार बनेर सही र सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्ने उनले जनाए । आचार्यका अनुसार आचारसंहिता पालना गर्नु प्रत्येक पत्रकारको कर्तव्य भएकाले जिम्मेवार र मर्यादित ढङ्गले रिपोर्टिङ गर्नुपर्दछ । त्यस्तै, महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष विष्णु शर्माले सही र सत्य समाचार सम्प्रेषण गर्न जोड दिँदै मिथ्या समाचार प्रकाशन तथा प्रसारण नगर्न आग्रह गरे ।


## प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन ।
- मौलिक हक ।
- मानव अधिकार ।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय....

# आचारसंहिता पालनामा कडाइ गर !

देश आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ । २३-२४ भदौको जेन-जी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले समयमै निर्वाचनको मिति तय गर्दै आवश्यक तयारीलाई अन्तिम चरणमा पुऱ्याएको छ । दलहरू उम्मेदवार छनौंटदेखि चुनावी घोषणापत्र सार्वजनिक गर्ने र मतदाता समक्ष पुग्ने कार्यमा सक्रिय देखिएका छन् । निर्वाचन लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण अभ्यास भएकाले यसलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल र नागरिक सबैको साझा जिम्मेवारी रहन्छ । तर पछिल्लो समय चुनावी प्रचारको स्वरूप चिन्ताजनक बन्दै गएको छ । परम्परागत सभा-सम्मेलन, घरदैलो र सञ्चार माध्यमसँगै सामाजिक सञ्जाल चुनावी प्रचारको मुख्य माध्यम बनेको छ । सामाजिक सञ्जालले विचार अभिव्यक्तिको स्वतन्त्रता दिएको भए पनि त्यसको दुरुपयोग तीव्र रूपमा बढ्दै गएको देखिन्छ । दलहरू मात्र होइन, तिनका समर्थकहरूले पनि पक्ष-विपक्षमा माहोल बनाउन फेसबुक, टिकटक, एक्स (ट्विटर) र युट्युब जस्ता प्लेटफर्ममार्फत आक्रामक प्रचार गरिरहेका छन् ।

विशेष गरी भ्रामक सूचना, द्वैषपूर्ण अभिव्यक्ति र चरित्रहत्या गर्ने सामग्री सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको छ । पुराना दलका नेताहरूलाई लक्षित गरी अश्लिल र अपमानजनक मिम, भिडियो तथा कपोलकल्पित आरोप सार्वजनिक गरिनु सामान्य जस्तै बनेको छ । तथ्यहीन आरोप र व्यक्तिगत जीवनमाथी प्रहार गर्ने यस्ता गतिविधिले स्वस्थ राजनीतिक बहसलाई विस्थापित गर्दै समाजमा घृणा र अविश्वास फैलाइरहेका छन् । यो केवल कुनै व्यक्ति वा दलविरुद्धको आक्रमण होइन, सिङ्गो लोकतान्त्रिक प्रणाली र मानवअधिकारमाथिकै चुनौती हो । लोकतन्त्रमा आलोचना र असहमति स्वाभाविक हुन्छ । तर, आलोचना तथ्यमा आधारित, मर्यादित र नीति-कार्यक्रम केन्द्रित हुनुपर्छ । झुटा सूचना र अपमानजनक सामग्रीमार्फत मतदाता प्रभावित पार्ने प्रयासले निर्वाचनको स्वच्छता र निष्पक्षतामाथि गम्भीर प्रश्न उठाउँछ । यदि यस्ता गतिविधि नियन्त्रणमा नलिए निर्वाचन परिणाममाथी नै अविश्वास पैदा हुने खतरा रहन्छ ।

यस सन्दर्भमा सरकारले सामाजिक सञ्जालको दुरुपयोग रोक्न स्पष्ट, कडा र व्यवहारिक कदम चाल्नैपर्छ । निर्वाचन आयोगले आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन संयन्त्र बलियो बनाउनुपर्छ । भ्रामक र द्वैषपूर्ण सामग्री उत्पादन तथा प्रसार गर्ने व्यक्ति वा समूहलाई कानुनी दायरामा ल्याउने साहसिक निर्णय आवश्यक छ । साथै, सामाजिक सञ्जाल प्लेटफर्महरूसँग समन्वय गरी आपत्तिजनक सामग्री तत्काल हटाउने व्यवस्था मिलाउनुपर्छ । सरकार र आयोगको प्रयास मात्र पर्याप्त हुँदैन । राजनीतिक दलहरूले पनि आफ्ना नेता र समर्थकलाई मर्यादित प्रचारमा सीमित रहन कडाइका साथ निर्देशन दिनुपर्छ । नागरिक समाज र सञ्चारमाध्यमले तथ्य-पुष्टि (फ्याक्ट चेक) र सचेतना अभिवृद्धिमा भूमिका खेल्नुपर्छ । स्वच्छ निर्वाचन नै बलियो लोकतन्त्रको आधार हो । सामाजिक सञ्जालको दुरुपयोगलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसको असर निर्वाचनभन्दा पर लोकतान्त्रिक मूल्य र सामाजिक सद्भावमा समेत पर्न सक्छ । त्यसैले अब ढिलाइ होइन चुनावी आचारसंहिता प्रभावकारी कार्यान्वयन गराउन हस्तक्षेपकारी ठोस कदम चालिनु पर्दछ । निर्वाचन आयोगले आचारसंहिता पालना गर्न ध्यानकर्षण गराउँनमा नभई एक्सनमा उत्रिएर कानुन बमोजिम कारवाही गर्ने ल्याकत राख्नु पर्दछ । तब मात्र राज्यले बनाएका कानुनले अर्थ राख्छन् । आचारसंहिता उल्लंघनका घटनामा स्पष्टिकरण सोधेर औपचारिकता निभाउने कार्यले कदापी सुशासन कायम हुन सक्दैन ।

# नेपालका सडक मृत्युको पासो कि विकासको आधार ?



✍ डा. विश्वराज दवाडी

नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन । हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन'हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्याङ्कले भरिएका हुन्छन् । अस्ति मात्रै पोखराबाट काठमाडौंतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो भने २५ जना यात्रु घाइते अवस्थामा छन् । यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरू भएका छन् ।

प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या १९ हजार ३५८ पुगेको छभने ९६ हजार घाइते भएका छन् । प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकको आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन् । दुर्घटनामा ज्यान गुमाउने नागरिकको सङ्ख्या १९ हजार ३५८ पुगेको छ । यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन् । दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन् ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन् । भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन् ।

दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन् । पहिलो चालकको लापरबाही, दोस्रो सडक पूर्वाधार र तस्रो यान्त्रिक कारण हो । सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ ।

त्यस्तै, सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लङ्घन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन् । दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्ग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुऱ्याएको छ । हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ । नेपालको धरातलीय स्वरूप आफैँमा चुनौतीपूर्ण छ । पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन् । इन्जिनियरिङको दृष्टिले कतिपय सडकहरू मापदण्ड विपरीत खनिएका छन् । वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ ।

विशेषगरी राजमार्गहरूमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ) हरूको पहिचान र सुधार हुन सकेको छैन । दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरू हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन । पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योलता छ । नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन' को अभाव हो । विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्ग्रे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिँड्ने गर्दछन् । यसले गर्दा दुर्घटनालाई बढाएको छ । यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो । राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रूपमा सम्बन्धित श्रेणीको अनुमति पत्र हुनुपर्छ । भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन् । तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ ।

अधिकांश ठूला दुर्घटनाहरूलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ । धेरैजसो ठूला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन् । यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ । त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रण बाहिर गई दुर्घटना हुन्छ । कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने र कस्तो मान्छेले सवारी चालक अनुमति पत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्व दिने गरेको पाइँदैन ।

दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ । दुर्घटना भएपछिको पहिलो एक घण्टालाई ' गोल्डेन आवर' भनिन्छ । यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ । नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ । घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार कार्यमा खटिएका हुन्छन् । कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन् । उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरूको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ । क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ । समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन । राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुऱ्याउन सकिँदैन ।

**अबको बाटो**

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको सङ्ख्या पनि ह्वात्तै बढेर गएको छ । वर्षेनी लाखौँको सङ्ख्यामा सवारीसाधन भित्रिने गरेका छन्भने वर्षौं पुराना सवारीसाधनहरू पनि सडकमा गुडिरहेका देखिन्छन् । त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन । यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छः

लेन अनुशासनः राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ । एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ । अन्य देशमा लेन अनुशासनलाई निकै महत्वका साथ हेरिन्छ ।

गति निगरानीः राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन' को प्रयोग गरी तीव्र गतिमा चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ । अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ ।

सवारी परीक्षणः पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ । बिसौँ वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ ।

चालकको स्वास्थ्यः सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरुरी हुन्छ । त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ ।

यी माथि उल्लिखित केही सुधारका प्रयासहरू गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ । अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू थप विकराल हुनेछ । सडक सुरक्षा केवल सरकारको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो । नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रले मात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ । अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन ।

*(लेखक जेनरल प्राक्टिस एन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन अफ नेपालका अध्यक्ष हुन्)*

## विश्व

# उत्तर कोरियामा किम यो जोङको पदोन्नति

**सियोल, १२ फागुन ।**
उत्तर कोरियाको सत्तारूढ वर्कर्स पार्टीले नेता किम जोङ उनका सबैभन्दा विश्वासपात्र मानिने बहिनी किम यो जोङलाई शीर्ष केन्द्रीय समितिभित्र विभाग निर्देशकको जिम्मेवारीमा पदोन्नति गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ । यो निर्णयलाई सत्ता संरचनाभित्र उनको प्रभाव औपचारिक रूपमा अझ बलियो बनाइएको सङ्केतका रूपमा हेरिएको छ ।

पाँच वर्षमा एकपटक आयोजना हुने पार्टीको शिखर सम्मेलनका लागि हजारौँ प्रतिनिधि प्योङ्याङमा भेला भइरहेका बेला गरिएको यो पदोन्नतिले कूटनीति, सुरक्षा र रणनीतिक विषयमा किम परिवारको पकड झन् सुदृढ भएको देखाएको छ । किम यो जोङले यसअघि प्रचार संयन्त्रमा वरिष्ठ भूमिका निर्वाह गर्नुभएको थियो, तर अहिले कुन विभागको नेतृत्व गर्नुभएको हो भन्ने खुलाइएको छैन ।

लामो समयदेखि आफ्ना दाजुका सबैभन्दा नजिकका सहकर्मीका रूपमा चिनिएका उनले आणविक वार्ता र अन्तर्राष्ट्रिय कूटनीतिमा स्पष्ट र कडा अभिव्यक्ति दिँदै आउनुभएको छ । अनुसन्धानकर्ता अहन चान-इलका अनुसार किम जोङले पूर्ण भरोसा गर्न सक्ने सीमित व्यक्तिमध्ये उनी एक हुन् । सिङ्गापुर र हनोईमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएका शिखर भेटवार्तामा उनी कार्यस्तर अधिकारीका रूपमा सक्रिय रहेका थिए ।

सन् २०१८ मा प्योङचाङ शीतकालीन ओलम्पिकका अवसरमा विशेष दूतका रूपमा सियोल पुगेपछि उनी अन्तर्राष्ट्रिय रूपमा चिनिन थालेका हुन् । कोरियाली युद्धपछि दक्षिण कोरियामा पाइला टेक्ने किम वंशको पहिलो सदस्य बनेका उनले त्यसयता वासिङ्टन र सियोलप्रति कडा टिप्पणी गर्दै आएका हुन् ।

दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओलको सरकारलाई 'संयुक्त राज्य अमेरिकाको वफादार कुकुर' भनी टिप्पणी गरेका हुन् प्रसङ्ग चर्चित बनेको थियो । यद्यपि, दक्षिण कोरियाका वर्तमान नेता ली जे म्युङ सत्तामा आएपछि उनको सार्वजनिक भाषा केही नरम देखिएको विश्लेषकहरू बताउँछन् ।

सन् १९८८ मा जन्मिएका किम यो जोङ पूर्व नेता किम जोङ इल र को योङ हुईका सन्तानमध्ये एक हुन् । स्विट्जरल्यान्डमा शिक्षा हासिल गरेका उनी सन् २०११ मा आफ्ना पिताको निधनपछि सत्ता संरचनामा द्रुत रूपमा उक्लिएका थिए । उनीको पारिवारिक जीवनबारे आधिकारिक विवरण सार्वजनिक गरिएको छैन, तर गत वर्ष सार्वजनिक गरिएको दुर्लभ भिडियोमा दुई साना बालबालिकासँग देखिएका थिए ।

## ३५ दिनभित्र...

गर्ने गरी अन्तिम मौका दिएको थियो । उक्त अवधिमा पनि सञ्चालकहरू सम्पर्कमा नआएको र उद्योग सञ्चालनको कुनै प्रक्रिया अघि नबढेपछि कार्यालय एक्सनमा उत्रिएको हो ।

कार्यालयले औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली २०७१, निर्देशिका २०७१ र मुलुकी देवानी (संहिता) ऐन २०७४ को लिज करार सम्बन्धी व्यवस्था बमोजिम कम्पनीसँगको सम्झौता रद्द गरिएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख राजेन्द्र श्रेष्ठले जानकारी दिए ।

कार्यालयले सार्वजनिक सूचना जारी गर्दै कम्पनीलाई हालसम्मको बाँकी बक्यौता बुझाउन र ३५ दिनभित्र लिजमा लिएको क्षेत्रबाट आफ्ना भौतिक सम्पत्ति एवं संरचना हटाउन निर्देशन दिएको छ । 'तोकिएको ३५ दिनभित्र बक्यौता चुक्ता गरी जमिन र भवन खाली नगरेमा कानून बमोजिम कार्यालयले ती संरचना आफ्नो नियन्त्रणमा लिनेछ ।

नियन्त्रणमा लिइएका सम्पत्ति लिलाम बिक्री गरी असुलउपर गरिनुका साथै उक्त स्थानमा अन्य उद्योग प्रवर्द्धनको प्रक्रिया अघि बढ्छ,' कार्यालय प्रमुख श्रेष्ठले भने । कार्यालयको यो निर्णयसँगै औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन नगरी जग्गा ओगटेर बस्ने अन्य व्यवसायीहरूलाई पनि दबाब पुग्ने देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

**वृष** — आकर्षक उपहारले उत्साह जगाउनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्

**मिथुन** — बेलामा होस नपुर्याउँदा केही चुनौती आउन सक्छन् । फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ । साथीभाइसँग पनि केही असमझदारी बढ्न सक्छ ।

**कर्कट** — आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । विभिन्न स्रोत-साधन जुट्नेछन् । सञ्चित धन उपयोग गर्दा पनि फाइदै हुनेछ ।

**सिंह** — पुरुषार्थी काम सम्पन्न गर्ने समय छ । प्रतीक्षा गरिएको नतिजाले उत्साह जगाउनेछ । प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर प्राप्त हुनेछ ।

**कन्या** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । नयाँ जिम्मेवारी प्राप्त हुनेछ । व्यापार-व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ । विशेष अवसरले मन प्रफुल्लित हुनेछ ।

**तुला** — सामान्य समस्या सुल्झाउन अलमल हुनेछ । शरीरमा पनि कमजोरी महसुस हुनेछ । अरूका विषयमा चासो लिँदा आफ्नो काम बिग्रन सक्छ ।

**वृश्चिक** — महत्त्वाकांक्षी योजनाले आकस्मिक यात्रा गराउन सक्छ । जुझारु कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ । मिहिनेतले छोटो समयमा फाइदा दिलाउनेछ ।

**धनु** — कामको चाप बढ्ने समय छ । केही दौडधुप गर्नु परे पनि फाइदा हुनेछ । भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।

**मकर** — प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**कुम्भ** — तत्काललाई सानो फाइदा हेर्दा पछि पछुतो लाग्न सक्छ । बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ । तत्काल योजना सार्वजनिक नगर्नुहोला ।।

**मीन** — आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन् । कृषिकर्म र व्यावसायिक काममा मनग्य लाभ हुनेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ ।

# निर्वाचन आचारसंहिता पालना गर्न सर्वदलीय सहमति

**युग संवाददाता**
**जुम्ला, १२ फागुन ।**

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन १० दिन बाँकी भएसँगै जुम्लामा निर्वाचन आचारसंहितालाई कडाइका साथ पालना गर्न सर्वदलीय सहमति भएको छ ।



जिल्ला प्रशासन कार्यालयमा आज बसेको सर्वदलीय बैठकले आचारसंहिता पूर्ण रूपमा पालना गर्न/गराउनका लागि राजनीतिक दलसहित सरोकार भएका सबै पक्षले प्रतिबद्धता जनाएका छन् ।

बैठकमा सहभागीहरूले निर्वाचन आयोगले जारी गरेको आचारसंहिता पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता जनाएका बताउँदै शान्तिसुरक्षा र शान्त वातावरणमा निर्वाचनलाई सफल पार्नका लागि सबै सरोकार भएका निकायको महत्वपूर्ण भूमिका रहने प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत आनन्दराज पन्तले आचारसंहिता पालना गर्न सम्पूर्ण पक्ष प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै यहाँका सबै पक्षले सहकार्य र समन्वय गर्ने प्रतिबद्धता जनाएका बताए । हालसम्म निर्वाचन आचारसंहिता पालनाको अवस्था सन्तोषजनक रहेको उहाँले जानकारी दिए । "मुख्य निर्वाचन अधिकृतको कार्यालयमा अहिलेसम्म औपचारिक रूपमा लिखित उजुरी परेका छैनन् । दलहरूसँग स्पष्टीकरण नसोधे पनि मौखिक ध्यानाकर्षण गराइएको छ", मुख्य निर्वाचन अधिकृत पन्तले भने ।

नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले निर्वाचनमा बालबालिकाको प्रयोग भइरहे/नरहेको, जनप्रतिनिधि आफ्नो पालिकामा प्रचारप्रसारका लागि गए/नगएकाबारेमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले सुक्ष्म अनुगमन नगरेको स्थानीयबाट गुनासो आएकाले यसलाई तीव्रता दिने उल्लेख गर्नुभयो । फागुन १८ गतेदेखि निर्वाचनमा खटिने सबै कर्मचारीलाई मतदानस्थलमा खटाइने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

निर्वाचन आचारसंहिता-२०८२ को पूर्ण पालना गर्दै शान्तिपूर्ण, मर्यादित र व्यवस्थित ढङ्गले निर्वाचन गतिविधि सञ्चालन गर्न राजनीतिक दल, उम्मेदवार, कार्यकर्ता र सर्वसाधारणलाई कार्यालयले आह्वान गरेको छ । आचारसंहिता उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने निर्वाचन कार्यालय जुम्लाले जनाएको छ ।

## मधेसी...

चन्द्रिकाप्रसाद गुप्ताले मत बदर बढी हुने गरेकाले यो मतदाता शिक्षाले सहयोग पुग्ने बताए । उनले मताधिकारको प्रयोग गरी निर्वाचनमा सहभागी हुन आग्रह गर्दै मतदानबारे जागरुक बन्नुपर्नेमा जोड दिए । नमूना मतपत्रका माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराइएको छ ।

प्रभावकारी मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको संस्थाका अध्यक्ष विश्वजित तिवारीले बताए ।

## जग्गा...

आफैँ व्यहोर्नुपर्ने उल्लेख थियो । तर सरकारी तवरबाट निजी क्षेत्रलाई करोडको हाराहारीमा भएको लगानी व्यापारीहरूले फजुल खर्च गरिदिएका थिए ।

सरकारी अनुदान लिन हतारिएका व्यापारीहरूले संरचना निर्माण गर्नु त परको कुरा, सरकारी जग्गाको भाडा हालसम्म पनि तिरेका छैनन् । कर्णाली कोल्ड चेन लजिष्टिक प्रालिका सञ्चालक सुर्खेतका नाम चलेका व्यवसायीहरूको संयुक्त लगानीमा खोलिएको कम्पनी हो । व्यवसायीहरू सुर्खेत उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष लक्ष्मण कँडेल, प्रकाश अधिकारी, कलाधर उपाध्याय (केदार) र प्रवल शाहीको साझेदारीमा कम्पनी दर्ता भएको थियो ।

सित भण्डार निर्माणका नाममा सरकारी अनुदान दोहन भएको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुगेको थियो । आयोगले लामो समय लगाएर अनुसन्धान गऱ्यो । अनुसन्धानबाट सित भण्डार निर्माणमा भ्रष्टाचार भएको खुलेपछि अख्तियार विशेष अदालत काठमाडौं पुगेको थियो । तर विशेष अदालतले सरकारी रकम दुरुपयोग भएको खुल्ने यथेष्ट प्रमाण छर्लङ्ग हुँदाहुँदै आरोपीहरुलाई उन्मुक्ति दिएको थियो ।

आयोगले २५ साउन २०८० मा तत्कालिन सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलसहित १६ जनाविरुद्ध कर्णाली कोल्ड चेन निर्माणको ठेक्कापट्टामा रकम दुरुपयोग गरेको आरोपमा विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो । अख्तियारले तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव राजेन्द्रप्रसाद भारी, गणेश भण्डारी, हरिप्रसाद पण्डित, हरिबहादुर थापा, भक्तिराम शर्मा, गुरुप्रसाद अधिकारी, उत्तमकुमार बस्नेत, खिमलाल वली, सुरेशकुमार थापा, उषा ठाडा, प्रकाश अधिकारी, सुवर्णराज भारती, कलाधर उपाध्याय, लक्ष्मण कँडेल, प्रवल शाही र महेश शर्मालाई प्रतिवादी बनाएको थियो ।

तर अदालतले १० बैशाख २०८१ मा आरोपी सबैलाई चोख्याएको थियो । यद्यपी, यो मुद्दा भने अझै सकिएको छैन । विशेष अदालतले एथेष्ट प्रमाण हुँदापनि आरोपीलाई उन्मुक्ति दिएको दावी गर्दै अख्तियारले यो मुद्दालाई सर्वोच्च अदालत पुऱ्याएको छ । सर्वोच्चमा हाल यो मुद्दा विचाराधिन छ ।


## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतिको आशयको सूचना

**(सूचना प्रकाशन मितिः २०८२/११/१३)**

यस कार्यालयबाट मितिः २०८२/०८/१२ गतेका दिन प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिसमा मिति २०८२ माघ २८ गतेका दिन प्रकासित आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना बमोजिम २०८२ फागुन ९ गतेका दिन खोलिएको आर्थिक प्रस्ताव माथि बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता/ फर्मको नाम र ठेगाना | कबोल अंक (मु. अ. कर तथा PS वाहेक) |
|---|---|---|---|---|
| 1 | NCB/BM/W/082/083/40 | Construction of Haridilbhumi School South Guru Bajecko House Road Upgrading Works, Haridilbhumi School to Panaroma Samma Road Upgrading, Aadarshanagar Tole Mukhhe Sadakko Adhuro Road Black Topped Works, Itaura Gaun Pool to South Simalko Tree Road Upgrading Works, Aanapurna Tole Bhitri Sadak Miil bhanda Tala Dakshin Jane Road drain Construction Works and Samabesi Tole ko Mukhhe Chowk bata Paschim Hudai Jane Road Drain Construction Works, Surya Kathayat Jagga Dekhi, Masurikhet-Tharugaun -Jayapur Road Upgrading Works, Birendranagar 3, Surkhet | Kakre Construction Pvt. Ltd. Birendranagar 4, Surkhet | 1,36,71,610.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**गुटु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### खुल्ला दरभाउत्र स्विकृतिको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२।११।१३**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०८२।११।०२ गते राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वान गरिएको सूचना बमोजिम तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरु मध्य तपसिल बमोजिमको बोलपत्रदहरुको न्यून्तम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राहि देखिन आएकाले बोलपत्र स्विकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | योजनाको नाम र ठेगाना | बोलपत्र प्याकेज नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) रु | कै |
|---|---|---|---|---|---|
| 1 | Nera Aabi Bhedichaur Building Construction Works at Chaukune 04 Surkhet. | CRM/NCB/ WORKS/08/082/83 | Tripura Rara Construction and Consultancy Pvt. Ltd. Kohalpur Banke. | १८,२३,०५९। | |
| 2 | Radhaswami Satsang Vyas Sub-Centre Gutu Infrastructure Construction and Parisar Improvement Project at Chaukune 08 Surkhet. | CRM/NCB/ WORKS/09/082/083 | Ghodasaine Nirman Sewa and Bhaskar Nirman Sewa JV Lamkichuha 4 Baliya kailali. | ३७,९४,९४०। | |
| 3 | Minitiller For Agriculture Mechanization on 50% Subsidy. | CRM/NCB/ GOODS/01/082/083 | Sahara Trade Center Yeri chowck surkhet | ३२,१६,१५०। | |

**प्रमुख प्रशासकीय अधिकृत**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### न्यूनतम रोजगारीका लागि बेरोजगार व्यक्ति सुचिकृत हुने सम्बन्धी सूचना

**(प्रकाशन मिति :- २०८२/११/११ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा २ (थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवद्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १४ (२) बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ मा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने न्यूनतम रोजगारी, रोजगार मुलक कार्यक्रम तथा सीपमुलक तालिममा संलग्न हुन चाहने १८ वर्ष पूरा भइ ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित मिति २०८२ चैत्र १० गते भित्र तोकिएको ढाँचामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू**

१. रीतपुर्वक भरिएको आवेदन फाराम
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
३. पासपोर्ट साइजको फोटो - १ प्रति

**थप जानकारी**

रोजगारमुलक सेवा, सिपमुलक तालिम तथा रोजगारी खोजी सम्बन्धी सेवाका लागि जुनसुकै समयमा shramsansar.gov.np वा shramsansar App मार्फत पूर्ण विवरणसहित दर्ता गर्न सकिने छ ।

## Godawari Municipality
## Office of the Municipal Executive
**Attariya, Kailali**

### Invitation For Electronic Bid

**Date of First Publication: 2082-11-13(25 Feb, 2026)**

1. Godawari Municipality, Kailali, invites electronic bids from eligible bidders for the following Good:

| S. N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last date of Bid Purchase and submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | GM/NCB/G/ 2082/83/04 | Supply Delivery and installation of Smart board 75 "Without OPS | 120 days | 95000 | 3000 | Bid purchase and submission 12:00pm, (2082/12/15) Bid opening:2:00pm(2082/12/15) | |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.
3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief Executive Officer**

अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/११/१३**

श्री निगालपानी सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको स्विकृत वन कार्ययोजना भए अनुसारको सल्लो प्रजातिको (ग्रेड ए) ३७ थान ७५७.९७ क्यू.फि., (ग्रेड बि) १ थान १३.६० क्यू.फि. गरी जम्मा ३८ थान ७७१.५७ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनमा खरिद गरी २२ (बाइस्) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री निगालपानी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-०७, सुर्खेत श्री पञ्चपुरी सब-डिभिजन वन कार्यालय, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री निगालपानी सामुदायिक वन उपभोक्ता समूह**
पञ्चपुरी न.पा.–०७, सुर्खेत।

अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/११/१३**

श्री भेडीखोर सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको स्विकृत वन कार्ययोजना भए अनुसारको सल्लो प्रजातिको (ग्रेड ए) १५२ थान २६५१.४६ क्यू.फि., (ग्रेड बि) ८१ थान ८३४.५६ क्यू.फि. गरी जम्मा २३३ थान ३४८६.५६ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनमा खरिद गरी २२ (बाइस्) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री भेडीखोर सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-०७, सुर्खेत श्री पञ्चपुरी सब-डिभिजन वन कार्यालय, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री भेडीखोर सामुदायिक वन उपभोक्ता समूह**
पञ्चपुरी न.पा.–०७, सुर्खेत।

## Water Supply, Irrigation and Energy Development Office

**Khalanga, Salyan**
**Karnali Province, Nepal.**

### Invitation for Electronic Bids

**Tender Notice No: 4-082/083**
**(Date of First times Publication: 2082/11/13 (2026-Feb-25))**

1. WSIEDO, Salyan invites electronic bids from eligible bidders for different following works under National Competitive Bidding (NCB) & Sealed Quotation (SQ) procedure. Biddersmay obtain further information from the PPMO's web portal https://bolpatra.gov.np/egp/

| S. N. | Contract Number | Description of work | Estimated Amount without VAT and Contingency but Including PS NRs. | Bid Security Amount NRs. | Fee for Bid Document NRs | Average Annual Construction Turnover (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 04/082-083/ NCB/Works/ WSIEDO-SALYAN | Construction of different components of Seripata Tatha Bharne Lift WSP, Kumakh RMC: 03, Salyan. | 12,750,648.61 | 350,000.00 | 3,000.00 | N/A | Single Stage Single Envelope. |
| 2 | 05/082-083/ NCB/Works/ WSIEDO-SALYAN | Construction of different components of Gaure Ranipokhari Lift WSP, Chhatreshwari RMC: 02, Salyan. | 13,784,738.07 | 380,000.00 | 3,000.00 | N/A | Single Stage Single Envelope. |
| 3 | 06/082-083/ NCB/Works/ WSIEDO-SALYAN | Construction of different components of Sisneri Lift ISP, Kapurkot RMC: 05, Salyan. | N/A | 630,000.00 | 5,000.00 | 34,612,000.00 | Single Stage Two Envelope. |
| 4 | 07/082-083/ SQ/Works/ WSIEDO-SALYAN | Supply, Delivery & Installation of Electrical Components & its accessories of Rauta Khola Lekh Jumle Pokhari Lift WSP, Bagachaur N.P.-11, Salyan | 1,718,988.98 | 45,000.00 | 1,000.00 | N/A | Sealed Quotation |

**Office Chief**




## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।